# रोजगार सेवा केन्द्र वार्षिक प्रगति प्रतिवेदन, २०८२

मार्मा गाउँ पालिकाको कार्यालय

गाँउ कार्यपालिकाको कार्यालय (रोजगार सेवा केन्द्र)

लटिनाथ, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल

आर्थिक बर्ष २०८१/०८२



**सर्वाधिकार ©**

**मार्मा गाउँ पालिकाको कार्यालय**

**मार्मा गाँउ कार्यपालिकाको कार्यालय (रोजगार सेवा केन्द्र)**

**लटिनाथ, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल**

**वेब साइट: marmamun.gov.np**

**ईमेलः rm.marma.darchula@gmail.com**

**info@marmamun.gov.np**

**सम्पर्कः**

**प्रकाशकः**

**रोजगार सेवा केन्द्र**

**ईमेलः rm.marma.darchula@gmail.com**

फोनः ९८४८२३७७०१

**प्रकाशन वर्षः २०८२ असार २९ गते**

रोजगार सेवा केन्द्र, मार्मा गाउँपालिका,

लटिनाथ, दार्चुला (सुदूर पश्चिम प्रदेश)

## प्रतिवेदन सारांश

**नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकको रुपमा समावेश गरेको अवस्थामा सो मौलिक हकको कार्यान्वयन गर्न रोजगारी हक सम्वन्धि ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भएको छ। उक्त ऐनले प्रत्येक स्थानीय तह मातहत रहने गरि रोजगार सेवा केन्द्रको स्थापना भई बेरोजगारहरुको पहिचान र सूचीकरण गर्ने कार्य हुदै आएको छ। रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीको प्रत्याभूति गरेको छ। यस गाउँपालिकामा कुल ११५४ जना बेरोजगार व्यक्तिहरु सूचीकृत भएका मध्ये रोजगारीको हक सम्बन्धी ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार आ.व. २०८१/०८२ का लागि सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा समावेश गरिएको थियो ।**

**सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा समावेश गर्न आई.डी.ए. विश्व बैंक बाट रु. २७ लाख र नेपाल सरकारबाट रोजगारी सृजना गर्न रु. २७ लाख ४४ हजार रुपैयाँ बजेट सशर्त अनुदान मार्फत प्राप्त भएको र सामग्री खरिद गर्न अध्यक्ष रोजगार कार्यक्रम मार्फत २० लाख रकम थियो । बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा सामिल गराउन युवारुप (विश्व बैंक) अन्तर्गत ११ वटा र प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार) अन्तर्गत १४ वटा गरी कुल २५ वटा रोजगार आयोजनाहरु सञ्चालन गरिएको थियो। यस गाउँ पालिकाको सबै वडाहरुलाई समेटने गरी पालिकास्तरीय आयोजनाहरु सडक यतायत आयोजना, शिक्षा युवा तथा खेलकुद आयोजना, सिचाई कुलो, भवन मर्मत आयोजना जस्ता सामुदायिक पूर्वाधारका आयोजना सञ्चालन गरिएको थियो।**

**सामुदायिक पूर्वाधार विकासको निर्माण तथा मर्मत कार्यमा कुल ४१ जना बेरोजगार व्यक्तिहरुले औषत १०० दिनको रोजगारी प्राप्त गरेको थियो भने ४० जना लाई ५० दिनको कार्यस्थलमा आधारित सिप बिकास तालिम र ५० दिन ज्यालामा कुल जम्मा ५४ लाख १० हजार ८ सय रुपैयाँ खर्च भएको र अध्यक्ष रोजगार कार्यक्रम मार्फत सामग्री खरिद गरि गुणस्तरीय योजना निर्माण गरिएको थियो। प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ ४१०० दिन र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना तर्फ २००० दिन गरी कुल ६१०० दिनको रोजगारी सिर्जना भएको थियो भने २००० दिन सिप बिकास तालिम संचालन भएको थियो ।**


**अन्त्यमा यस आ.ब.का सम्पूर्ण कार्य सम्पन्न गर्न सहजीकरण एवं हौसला प्रदान गर्नुहुने जनप्रतिनिधि ज्यू , आ-आफ्नो जिम्मेवारीबाट सहयोग गर्नुहुने प्रमुख प्रशासकिय अधिकृत ज्यू, प्राबिधिक शाखा प्रमुख र लेखा शाखा प्रमुख ज्यू लगायत सहयोगी सम्पूर्ण सहकर्मी राष्ट्र सेवक कर्मचारी ज्यूलाई विशेष धन्यवाद सहित हार्दिक आभार प्रकट गर्दछु ।**

**जनक सिह बिष्ट**
**रोजगार सहायक**

**मितिः २०८२/०३/२९**

**मार्मा गाउँपालिकाको भौगोलिक बनावट**

**दार्चुला जिल्ला मार्मा गाउँपालिका**




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५000/१:५0000), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## विषयसूची

१. पृष्ठभूमि ..........................................................................................३
२. गाउँपालिकाको परिचय.........................................................................४
३. कार्यक्रमको दीर्घकालीन सोंच ..............................................................५
४. कार्यक्रमको लक्ष्य ...............................................................................५
५. कार्यक्रमको उद्देश्य. ........................................................................ ५
६. रोजगार सेवा केन्द्रबाट विभिन्न सेवा शुरुआतको संक्षिप्त जानकारी.... ...........५
७. रोजगार सेवा केन्द्रबाट प्रवाह गरिने सेवाहरु, ..........................................५
८. स्थानीय निर्देशक समिति. ....................................................................६
९. स्थानीय निर्देशक समितिको बैठक. .........................................................६
१०. रोजगार सेवा केन्द्रले गरेका प्रयास ..........................................................६
११. रोजगारी सम्बन्धी स्थानीय नीति तथा कानूनहरु.......................................७.
१२. रोजगार सेवा केन्द्रबाट सञ्चालित क्रियाक्लापहरु.......................................७
१२.१.१ श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम...........................................७
१२.१.२ छलफल गरिएको विषयवस्तु..........................................................७
१२.१.३ कार्यक्रमको उपलब्धि.......................................................................७
१२.२ रोजगार सम्वाद मञ्च.......................................................................८
१२.३ पुनः श्रम स्वीकृति...........................................................................८
१२.४ बेरोजगार व्यक्तिहरुको लगत संकलन ............................................... ८
१२.५ लिंगका आधारमा बेरोजगार व्यक्तिहरुको विवरण...................................९
१३. स्रोत अनुसार योजना र संख्या..............................................................९
१४. क्षेत्रगत आयोजना र संख्या.................................................................१०
१५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना......................११
१६.१ नेपाल सरकार क्षेत्रगत आयोजना र संख्या .......................................... ११
१६.२ युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना ...............................१२
१६.३ वडा अनुसार संचालित आयोजना. .................................................... १३
१७. भौतिक उपलब्धिहरु ............. ........................................................१५
१८. अध्यक्ष रोजगार कार्यक्रम ....................................... .. ...............१५.
१८.१. अध्यक्ष रोजगार कार्यक्रमका सबल पक्ष ..................... .................... १५
१९. यस आ.ब. कार्यक्रमका उपलब्धिहरु ................... ....................... .. १६
२०. रोजगारीमा संलग्न दिन र संख्या ............. ...................... .............१७

२१. आयोजनाको अनुगमन तथा मूल्याङ्कन......................................१७
२१.१. कार्यक्रमका सकरात्मक पक्ष .......................................................१७
२१.२. अनुगमनको निष्कर्ष ......................................................... ...१८
२२. कर्मचारीहरुको विवरण .......................................................... ....१८
२३. आ.ब.२०८१/०८२ का मुख्य सामाजिक उपलव्धीहरु. ......................... १८
२४. कार्यक्रमका अवसरहरु...... ..................................................... १९
२५. कार्यक्रमका चुनौतीहरु.................................................................२०
२६. वित्तीय प्रगति...........................................................................२०
२७. सामाजिक र आर्थिक प्रभाव........... ......................................... २२
२८. सल्लाह र सुझावहरु................................................................ २३
२९. निश्कर्ष...................................................................... २४

## १. पृष्ठभूमी

नेपालको संविधानको धारा ३३ मा मौलिक हकको रुपमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक हुनेछ भने भएको व्यवस्थालाई कार्यान्वयन गर्न बनेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नेपाली नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि आन्तरिक रोजगारीका अवसरहरु सृजना गर्न नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याएको हो। सरकारले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट मार्फत सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसरहरु सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिक वाध्यताले वैदेशिक रोजगारीमा जानु पर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको थियो । सो अनुसार वि.सं. २०७५ फाल्गुन १ गते सम्मानीय प्रधानमन्त्रीज्यूले प्रधानमन्त्री रोजगार कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो ।

नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक, रोजगारी छनौट गर्न पाउने हक, धारा ३४ ले प्रत्येक व्यक्तिलाई उचित श्रम अभ्यास गर्न पाउने हक तथा धारा ४३ ले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रुपमा सुनिश्चितता गरेको छ । त्यस्तै राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत धारा ५१ (राज्यका नीतिहरु) को (झ) मा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने संवैधानिक व्यवस्था रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार व्यक्तिलाई न्यूनतम् एक सय दिनको रोजगारीको व्यवस्था गरिएकोछ ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहको मातहतमा रही बेरोजगार व्यक्तिहरुको सूचना संकलन, पहिचान र सूचीकरण, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी तथा रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्ने गरी रोजगार सेवा केन्द्रको स्थापना हुने व्यवस्था अनुसार मारमा गाउँपालिकामा विधिवत रुपमा मिति २०७५ चैत्र २८ गते रोजगार सेवा केन्द्रको स्थापना भएको हो । प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध हुन हरेक वर्षको फाल्गुन महिनामा सूचीकृत हुन निवेदन दिनु पर्ने प्रावधान छ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीको प्रत्याभूति गरिने व्यवस्था गरेको छ। यसरी सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यवसायिक कृषि, सिंचाई, खानेपानी, सरसफाई, नदी नियन्त्रण, वन, पर्यटन, यातायात, पूर्वाधार लगायतका अन्य सार्वजनिक निर्माण कार्यमा रोजगारी प्रदान गरिने छ । प्रधानमन्त्री रोजगार कार्यक्रमले यी कामहरुको अलावा बेरोजगार व्यक्तिहरुको लागि रोजगार सेवा तथा सहायता, बेरोजगार व्यक्तिहरुको क्षमता अभिवृद्धि तथा स्वरोजगारी, रोजगारी सृजनामा नीजि क्षेत्रहरुसँग सहकार्य र समन्वय समेत गरिनेछ ।

नेपाली जनताको भावना र चाहना अनुरुप देशमा गणतन्त्रको स्थापना संगै नेपालको संविधान २०७२ अनुसार नेपालको संघीय संरचना तीन तहको रहेको छ । तीनै तहका सरकारहरूलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ । तीनै तहका सरकार अन्तर्गतका निकायहरूबाट सार्वजनिक विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू संचालन हुने गरेका छन्। यसरी विभिन्न तहका सरकार र निकायहरूबाट सञ्चालन हुने विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू बीच समन्वय र सहकार्यको कमीले गर्दा रोजगारी सिर्जना प्राथमिकतामा नपरेको देखिन्छ ।

रोजगारी श्रृजना गर्दा सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरूमा श्रमिकको माग हुने र माग बमोजिमका श्रमिकहरूको आपूर्ति रोजगार सेवा केन्द्र मार्फत हुने भई सबै स्थानीय तहमा श्रमको माग र आपूर्तिको औपचारिक संयन्त्रको समेत विकास हुनेछ। यस्तो संयन्त्रले स्थानीय स्तरमा निजी, सहकारी तथा गैर सकारी क्षेत्रमा हुने श्रमिकको माग र आपूर्ति बीचमा सहजीकरण र संयोजनको भूमिका समेत निर्वाह गर्नेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसंग समेत समन्वय र सहकार्य गरी ती क्षेत्रहरुमा थप रोजगारीका अवसर सिर्जना गरिनेछ । श्रमिकमा हुने क्षमता तथा सीप अभावका कारणले बजारमा देखिएको श्रमिकको माग र आपूर्तिका बीचमा अन्तरलाई कम गर्न यस कार्यक्रम अन्तर्गत श्रमिकको क्षमता तथा सीप विकास तालिम कार्यक्रमहरु समेत संचालन गरिनेछन । बेरोजगार व्यक्तिहरुले आफूसंग भएको सोच, सीप र अनुभवका आधारमा स्वारोजगार हुन चाहेमा आवश्यक पर्ने सीप तथा उद्यमशीलता अभिवृद्धि गर्न उद्यशीलता तालिम प्रदान गर्ने र उद्यमको अवधारणाको मूल्यांकनका आधारमा सहुलियतपूर्ण ऋण सहायता उपलब्ध गराउने व्यवस्था समेत यस कार्यक्रम मार्फत गरिनेछ ।

## २. गाउँपालिकाको परिचय

सुदुरपश्चिम प्रदेश अन्तर्गत दार्चुला जिल्लामा रहेका ९ वटा स्थानीय तहहरु मध्ये मार्मा गाउँपालिका गणतन्त्रात्मक राज्य व्यवस्था पछि केहि विकासमा अघि बढिरहेको दुर्गम र भौगोलिक रुपमा विकट गाउँपालिका हो । यस गाउँपालिकाको सिमाना पुर्वमा बझाङ जिल्लाको बुङ्गल नगरपालिकापश्चिममा , ,नौगाड गाउँपालिका उत्तरमा अपीहिमाल गाउँपालिका र दक्षिणमा शैल्यशिखर नगरपालिका र बैतडीको डिलाशैनी गाँउपालिकासंग जोडिएको छ । यो गाउँपालिका समुद्र सतह १२०० मि देखि करिब .मि २२०० सम्म फैलिएको छ । यस गाउँपालिकाको केहि भू-भाग दुन /टार भएतापनि अधिकांश भागहरु उच्च पहाडी र हिमाली क्षेत्र भित्र पर्दछन् । यस मार्मा गाउँपालिकाको क्षेत्रफल २०८.०६ वर्ग कि .मि. रहेको छ । बि.स.२०७८ सालको जनगणना अनुसार मार्माको जनसंख्या वडा न.१ मा ३५९१, वडा न.२ मा २२६७, वडा न.३ मा २३६०, वडा न.४ मा २५७१, वडा न.५ मा १७६४ र वडा न. ६ मा २५७१ जना गरी जम्मा १५१२४ रहेको छ । जसमध्ये पुरुष ७१२४ र महिला ७८९२ जना रहेका छन । पालिकाको जनघनत्व करिब ७३ जना प्रती बर्ग कि.मि. रहेको छ भने साक्षरता ७७.१ प्रतिशत रहेको छ। भौगोलिक धरातल अनुसार फरक फरक जनसंख्याको बनौट रहेको छ, चौलानी नदी किनारा क्षेत्रमा बढी उत्पादन योग्य जमिन,व्यापार

व्यवसाय गर्न सहज, शिक्षा, यातायतको सुविधाको पहँच भएकाले यस क्षेत्रमा बसोबास गर्ने जनसंख्याको जनघनत्व बढी रहेको छ भने गा.पा.को मध्ये र उच्च भुभागमा जनघनत्व क्रमशः न्यून छ ।

**३. कार्यक्रमको दीर्घकालीन सोंच**

ज्ञान, सीप र क्षमतायुक्त प्रतिस्पर्धी श्रमशक्तिको विकास र उत्पादनशील आन्तरिक रोजगारी सिर्जना मार्फत श्रमशक्तिको स्वदेशमै पूर्ण उपयोग गरी आर्थिक समृद्धि हासिल गर्न सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु यस कार्यक्रमको दीर्घकालीन सोच रहेको छ ।

**४. कार्यक्रमको लक्ष्य**

प्रधानमन्त्री रोजगार कार्यक्रमले स्वदेशमा नै रोजगारीका अवसरहरु सृजना गरि आगामी ५ वर्ष भित्र वैदेशिक रोजगारीमा जाने वाध्यात्मक अवस्थाको अन्य गर्नका लागि "आन्तरिक रोजगारिका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन" लक्ष्य निर्धारण गरेको छ।

**५. कार्यक्रमको उद्देश्य**

प्रधानमन्त्री रोजगार कार्यक्रमले माथि उल्लेखित सोंच र लक्ष्य हासिल गर्न देहाय अनुसारका उद्देश्यहरु रहेका छन्ः

- → बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने,
- → दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने,
- → सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने,
- → आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने,
- → सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने,
- → आन्तरिक रोजगारी सिर्जना सम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने,

**६. रोजगार सेवा केन्द्रबाट विभिन्न सेवा शुरुवातको संक्षिप्त जानकारी**

रोजगार सेवा केन्द्रको स्थापना २०७५

पुनः श्रम स्वीकृतिमा सहजीकरण २०८० बैशाख ०३

रोजगार रणनीतिक योजना स्वीकृत २०८१ असाढ ८ (प्रथम पटक अध्याबधिक २०८२/०३/०९)

रोजगार सम्वाद मञ्चको बैठक, श्रमको सम्मान कार्यक्रम

वैदेशिक रोजगार कल्याणकारी सूचना प्रणाली २०८१ **-FEWIS** ( Foreign Employment Welfare Information System)

**७. रोजगार सेवा केन्द्रबाट प्रवाह गरिने सेवाहरु**

- ❖ बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण
- ❖ सार्वजनिक निर्माण कार्यमा रोजगारीमा खटाउने कार्य

- ❖ सीप तथा क्षमता विकास
- ❖ श्रमको सम्मान, राष्ट्रको अभियान
- ❖ रोजगार सम्वाद मञ्चको सञ्चालन
- ❖ वैदेशिक रोजगार सम्बन्धी मनोपरामर्श सेवा
- ❖ पुनः श्रम स्वीकृति सम्बन्धी सेवा
- ❖ कल्याणकारी सेवाहरुमा सहजीकरण
- ❖ रोजगार परामर्श तथा रेफरल सेवा

## ८. स्थानीय निर्देशक समिति

स्थानीय तह भित्रको श्रम बजारको माग र विद्‌यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्न तथा नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि प्रत्येक स्थानीय तहमा एउटा स्थानीय निर्देशक समिति रहनेछ। स्थानीय निर्देशक समितिका पदाधिकारी र सदस्यहरुको निम्नानुसार रहेने व्यवस्था छ ।

| क्र.स. | पद | निर्देशक समितिमा |
|---|---|---|
| १ | अध्यक्ष | अध्यक्ष |
| २ | उपाध्यक्ष | सदस्य |
| ३ | .प्र.प्र.अ. | सदस्य |
| ४ | वडा अध्यक्ष | सदस्य |
| ५ | वडा अध्यक्ष | सदस्य |
| ६ | रोजगार संयोजक | सदस्य सचिव |

## ९. स्थानीय निर्देशक समितिको बैठक

रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने विभिन्न क्रियाकलाप एवं कार्यक्रमहरुलाई व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक विषयमा नीतिगत सल्लाह, सुझाव, परामर्श एवं निर्देशनको लागि आ.व. २०८१/८२ मा बिभिन्न मितिमा स्थानीय निर्देशक समितिको बैठकबसी आवश्यक निर्णयहरु गरिएको थियो।

## १०. रोजगार सेवा केन्द्रले गरेका प्रयास

(क) बहुविषयगत तालिम केन्द्र संचालनका लागि विभिन्न विकास साझेदारहरुसंग पहलमा सिप बिकास तथा जीवनोपयोगी तालिम संचालन

(ख) स्थानीय रोजगारदाता ,व्यवसायिक  व्याक्तिहरुसंग परामर्श एवं नयाँ रोजगारीका क्षेत्रबारे अध्ययन

(ग) बैदेशिक रोजगारीमा जाने व्याक्तिहरुसंग परामर्श एवं सहजिकरण

(घ) स्थानीय दक्ष व्यक्तिहरुको सूचीकरण

(ङ) भारत बाहेक विदेशमा रहेका व्याक्तीहरुको तथ्याङ्क संकलन

## ११. रोजगारी सम्बन्धी स्थानीय नीति तथा कानूनहरु

क) रोजगार सम्वाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,

ख) रोजगार रणनीतिक योजना, २०८१

ग) अध्यक्ष रोजगारकार्यक्रम (संचालन तथा व्यवस्थापन) कर्यबिधि २०७७

## १२. रोजगार सेवा केन्द्रबाट सञ्चालित क्रियाक्लापहरु

आ.व. २०८१/८२ को साउन देखि अषाढ मसान्तसम्मको अवधिमा रोजगार सेवा केन्द्रबाट सञ्चालित मुख्य कार्यक्रम एवं क्रियाक्लापहरु तल प्रस्तुत गरिएको छ।

### १२.१ श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम

नेपालमा जातजातीका आधारमा काम वा पेशाको बाँडफाँट गरिएकोले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरूमा सामाजिक प्रतिष्ठाका कारण युवा श्रमशक्तिहरूलाई आकर्षण गर्न सकिरहेको हुँदैन । सामाजिक प्रतिष्ठा कै कारण युवा श्रमशक्तिहरू विभिन्न कष्टहरू सहेर पनि वैदेशिक रोजगारीमा जाने बाध्यता रहेको छ । यसलाई निरुत्साहित गर्न श्रमको सम्मान, राष्ट्रको अभियान रणनीति, २०७८ जारी भई कार्यान्वयनमा रहेको छ । श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम अन्तर्गत गत आ.ब.मा यस गाउँ पालिकाको ६ वटै वडाहरुमा संचालित योजनाहरु मध्ये पङरखोला सिचाई योजनामा उत्कृष्ट श्रम गरेबाफत उक्त योजनामा खटिएका ४ जनालाई मनोवल उच्च राख्न प्रमाण पत्र सहित सम्मान गरिएको थियो । साथै पालिकामा एक दिने गोष्टि कार्यक्रम समेत गरिएको थियो ।

#### १२.१.२ छलफल गरिएको विषयवस्तु

श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी पालिका स्तरीय अभिमुखीकरण कार्यक्रममा निम्न विषयवस्तुहरु छलफल गरिएको थियो ।

- नेपालको संविधानमा श्रम तथा रोजगार सम्बन्धी मौलिक हक तथा राष्ट्रिय नीति
- रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावलीको संक्षिप्त जानकारी
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको संक्षिप्त जानकारी
- श्रमको सम्मान, राष्ट्रको अभियान रणनीति, २०७८

#### १२.१.३ कार्यक्रमको उपलब्धि

श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी वडास्तरीय अभिमुखीकरण कार्यक्रमबाट निम्नानुसारका उपलब्धीहरु हासिल हुने अपेक्षा गरिएको थियो ।

- नेपालको संविधान, रोजगारीको हक सम्बन्धी ऐन, नियमावली तथा निर्देशिकामा रोजगारी सम्बन्धी भएको व्यवस्थाहरुको बारेमा जानकारी हुने,

- ❖ स्वदेशमा नै काम गर्ने संस्कृतिको विकास हुने,
- ❖ श्रमिक व्यवसायिक हुन सहयोग पुग्ने,
- ❖ काममा भेदभाव गर्ने मानसिकताको अन्त्य हुने,
- ❖ श्रम शोषण न्यूनीकरणमा सहयोग पुग्ने,
- ❖ रोजगार सेवा केन्द्रको काम कर्तव्य सम्बन्धी जानकारी हुने,
- ❖ श्रमको सम्मान, राष्ट्रको अभियानको प्रचारप्रसार हुने,
- ❖ रोजगारी सम्बन्धी कार्यमा वडा कार्यालयको भूमिका बारे स्पष्ट हुने,
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी जानकारी हुने।

### १२.२ रोजगार सम्वाद मञ्च

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४७ र एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को दफा २१ मा रोजगार सम्वाद मञ्चको व्यवस्था गरिएको छ । रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाहरुको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम् उपाय एवं ढाँचा तथा विधिहरुको विकास गर्न, रोजगार नीति तथा कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिन, निजी, सहकारी तथा गैरसरकारी क्षेत्र र नागरिक समाज एवम् सञ्चार जगत समेतको सहभागिता रहने गरी रोजगार सम्वाद मञ्चको बैठक संचालन गरिएको छ।

### १२.३ श्रम स्वीकृति सहजिकरण

वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, मर्यादित, भरपर्दो तथा सहज बनाउन मिति २०७९/१२/१६ गतेको नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री) स्तरीय निर्णय अनुसार मिति २०८० बैशाख १ गते देखि वैदेशिक रोजगारीमा जानेहरु व्यक्तिहरुको व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि स्थानीय तहको रोजगार सेवा केन्द्रबाट नै आवेदन गर्न सक्ने निर्णय भए बमोजिम यस गाँउपालिका अन्तर्गत रहेका रोजगार सेवा केन्द्रमार्फत मिति २०८० बैशाख ३ गते देखि आवेदन गर्न सकिने व्यवस्था गरिएको थियो । तत्पश्चात यस गाँउपालिकाबाट हाल सम्म श्रम स्वीकृति सम्बन्धी सहजीकरण गर्ने कार्य बाहेक श्रम स्वीकृतीका लागि कुनै पनि व्याक्ति कार्यालयमा आएका थिएन । **FEWIS** ( Foreign Employment Welfare Information System) वैदेशिक रोजगार कल्याण सूचना प्रणाली २०८१ कार्तिक देखि संचालनमा रहेको छ । जस अन्तरगत बिदेशमा समस्या परेका वा कल्याणकारि कार्य हुदै आएको छ । हाल सम्म यस्ता कल्याणकारी घटना यस पालिकामा दर्ता भएका छैन ।


### १२.४ बेरोजगार व्यक्तिहरुको लगत संकलन

रोजगारीको हक सम्बन्धी ऐन, नियमावलीमा भएको व्यवस्था अनुसार आ.व. २०८१/८२ को फागुन महिना भरि यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु मार्फत बेरोजगार व्यक्तिहरुको निवेदन संकलनको काम गरिएको थियो । बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलनका लागि वडा सचिवहरुलाई

अनुशिक्षण र जनप्रतिनिधिलाई अभिमुखीकरण पश्चात गाउँ पालिकाका सवै वडा कार्यलयहरुमा निवेदन दर्ता गर्न सूचना प्रकाशन गरिएको थियो । सर्व साधारणको जानकारीको लागि उक्त सूचनालाई स्थानीय एफ. एम. रेडियो, गाउँपालिकाको फेसवुक पेज, वेभसाइट साथै यस गाउँपालिका एवं अन्तर्गतका कार्यालयहरुको सूचना पाटीमा समेत सूचना टाँसिएको थियो। तत् पश्चात हरेक वडा कार्यालयहरुमा निशुल्क रुपमा निवेदन फारम पाउने व्यवस्था गरिएको थियो। गाँउ पालिका भरिमा कुल ११५४ जना बेरोजगार व्यक्तिहरुले रित पूर्वक निवेदन दर्ता गराएको थियो। निवेदन दिनेहरुमा महिला कै सहभागिता अधिक रहेको थियो। उमेर समूहको आधारमा २६ देखि ४५ वर्ष उमेर समूहका व्यक्तिहरुको निवेदन अत्यधिक रहेका थिए। शैक्षिक योग्यता भएका बेरोजगार व्यक्तिहरुको निवेदन पनि धेरै रहेको थियो भने निरक्षर व्यक्तिहरुको निवेदन पनि दर्ता भएको थियो ।

## १२.५ **लिंगका आधारमा बेरोजगार व्यक्तिहरुको विवरण**


मार्मा गाउँपालिकामा सूचीकृत भएका कुल ११५४ जना बेरोजगार व्यक्तिहरु मध्ये लिङ्गगत आधारमा पुरुष ३६२ जना अर्थात ३१.३७ प्रतिशत रहेका थिए भने महिला ७९२ जना अर्थात ६८.५७ प्रतिशत रहेका थिए । तुलानात्मक रुपमा यस कार्यक्रम प्रति पुरुषको भन्दा महिलाको आकर्षण अत्यधिक रहेको देखाउँछ । महिलाहरु घरेलु तथा कृषि क्षेत्रको काम गर्ने गरेको अवस्था रहेको भएतापनि गत विगत वर्षहरुको तुलनामा महिलाहरुमा पनि सार्वजनिक पूर्वाधार विकासको क्षेत्रमा काम गर्ने प्रवृति दिनप्रति दिन विकास हुदै गएको देखिन्छ ।




## १३. **स्रोत अनुसार योजना र संख्या**

आ.व. २०८१/८२ मा यस मार्मा गाउँपालिकामा विश्व बैंकको स्रोतबाट युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत ११ वटा आयोजनाहरु सञ्चालन गरिएको थियो भने नेपाल सरकारको स्रोतबाट १४ वटा आयोजनाहरु सञ्चालन गरिएको थियो । समग्रमा प्रधानमन्त्री रोजगार


कार्यक्रम अन्तर्गत यस गाउँपालिका रोजगार सेवा केन्द्रबाट कुल २५ वटा कामका लागि पारिश्रमिकमा आधारित आयोजना गरिएको थियो।




## १४. क्षेत्रगत आयोजना र संख्या

आ.व. २०८१/८२ मा यस गाउँपालिकामा सञ्चालित कुल २५ वटा आयोजनाहरु मध्ये सबैभन्दा बढी १८ वटा सडक यतायत क्षेत्रका रहेको थियो भने २ मठमन्दिर मर्मत ,उर्जा, सिंचाई तथा नदी नियन्त्रण क्षेत्रका २ वटा र शिक्षा युवा खेलकुद क्षेत्रमा ३ वटा रहेको थियो।

**क्षेत्र अनुसार आयोजना संख्या**




## १५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्न रोजगारी सृर्जनाका लागि कुल बजेट रकम रु. २७,४४,०००/- (अक्षरेपी सत्ताईस लाख चौवालिस हजार रुपैयाँमात्र) विनियोजन गरिएको थियो । यस अन्तर्गत सञ्चालन हुने आयोजनाहरु कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम सञ्चालन गरिएको थियो । यस अन्तर्गतका आयोजनाहरुमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई नै श्रमिकको रुपमा परिचालन गरिएको थियो। यस अन्तर्गतका १४ आयोजनाहरुमा कुल ४१ जना बेरोजगार व्यक्तिहरुलाई श्रमिकको रुपमा परिचालन गरिएको थियो । यस अन्तर्गत सञ्चालन भएका आयोजनाहरुमा कुल ४७०० दिनको रोजगारी सिर्जना भएको थियो । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्यूनतम् रोजगारी प्राप्त गर्ने व्यक्तिहरुले औषत १०० दिनको रोजगारी प्राप्त गरेका थिए भने रोजगारी सिर्जना (नेपाल सरकार) बजेट रकमको ९९.८१ प्रतिशत रकम ज्यालामा खर्च गरिएको थियो ।। यस अन्तर्गत सञ्चालित आयोजनाहरुको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

### १६.१ नेपाल सरकार क्षेत्रगत आयोजना र संख्या

| क्र.स | क्षेत्र | आयोजना संख्या | कुल लागत | कैफियत |
|---|---|---|---|---|
| १ | सडक तथा यातायात | ९ | १९,३७,२००/- | |
| २ | शिक्षा युवा तथा खेलकुद | २ | २,६७,२००/- | |
| ३ | उर्जा. सिचाइ तथा नदी नियन्त्रण | १ | १,३३,६००/- | |
| ४ | मठ मन्दिर मर्मत | २ | ४,००,८००/- | |
| | **कुल** | **१४** | **२७,३८,८००/-** | |




## १६.२ युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना


युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत आयोजना सञ्चालन गर्न कुल बजेट रकम रु. २७,००,०००.०० (अक्षरेपी सत्ताईस लाख रुपैयाँमात्र) विनियोजन गरिएको थियो । यस अन्तर्गत सञ्चालन हुने आयोजनाहरु युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा २३ बमोजिमको आयोजनाहरु सञ्चालन र सिप बिकास तालिममा सहभागी हरुलाई दैनिक ज्याला प्रदान गरिएको थियो। युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनामा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई नै श्रमिकको रुपमा परिचालन गरिएको थियो। पहल परियोजना अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको बजेट रकम रु २७०००००/- मध्ये रु २६,७२,०००/- करिब ९८.९६ प्रतिशत रकम ज्याला र कार्यस्थलमा आधारित सिप विकास तालिममा सहभागिहरुको दैनिक भत्तामा खर्च गरिएको थियो । बिनियोजित रकमबाट बाकि रहेको रकम रु २८०००/- नियमानुसार फिर्ता पठाईएको छ। यस परियोजना अन्तर्गत सार्वजनिक पूर्वाधार मर्मत, सम्भार तथा सुधार सम्बन्धी आयोजनाहरु गरिने भएकोले सोहीबमोजिमका ११ वटा रोजगारमूलक आयोजनाहरु सञ्चालन गरिएको थियो।

रुपान्तरण पहल परियोजनामा कुल ४० जना बेरोजगार व्यक्तिहरुलाई श्रमिकको परिचालन गरिएको थियो। यस अन्तर्गत सञ्चालन भएका आयोजनाहरुमा कुल २,००० दिनको रोजगारी सिर्जना भएको थियो भने सडक मर्मत सम्बन्धि २००० दिन कार्यस्थलमा आधारित सिप बिकास तालिम संञ्चालन भएको

थियो। युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना मार्फत न्यूनतम् रोजगारी प्राप्त गर्ने व्यक्तिहरुले औषत ५० दिनको रोजगारी प्राप्त गरेका थिए भने (आई.डि.ए.) बजेट रकमबाट ५० दिन सडक मर्मत सम्बन्धि कार्यस्थलमा आधारित सिप बिकास तालिममा सहभागिको ज्यालामा खर्च गरिएको थियो । यस परियोजना अन्तर्गत सञ्चालित आयोजनाहरुको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।


**बिश्व बैंक क्षेत्रगत आयोजना र संख्या ११**


| क्र.स | क्षेत्र | आयोजना संख्या | कुल लागत | कैफियत |
|---|---|---|---|---|
| १ | सडक तथा यातायात | ९ | २००,४०००/- | |
| २ | शिक्षा युवा तथा खेलकुद | १ | २,६७,२००/- | |
| ३ | उर्जा. सिचाइ तथा नदी नियन्त्रण | १ | ४,००,८००/- | |
| | कुल | ११ | २६,७२,०००/- | |




### १६.३ वडा अनुसार संचालित आयोजना

यस मार्मा गाउँपालिकाले यस आ.ब. २०८१/०८२ मा पालिका भरीका ६ वटै वडाहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट छनौट भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारी सिर्जना गरीरोजगारी प्रदान गर्न २५ आयोजना छनौट गरेको थियो ।


वडागत आयोजनाको विवरण
४
४
४
२
४
७
वडा न. १
वडा न. २
वडा न. ३
वडा न. ४
वडा न. ५
वडा न. ६


वडागत रुपमा वजेट लगानी
वडा न. १, १०६८८००
वडा न. २, ८६८४००
वडा न. ३, १०६८८००
वडा न. ४, ३३४०००
वडा न. ५, ६६८०००
वडा न. ६, १४०२८००

## १७ **भौतिक उपलब्धिहरु**




## १८. **अध्याक्ष रोजगार कार्यक्रमः**

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट काममा आधारित श्रमिकको पारिश्रमिक ज्याला रकमबाट निर्माण गरिएका आयोजनाहरुमा यस मार्मा गाउँपालिकामा संचालित अध्यक्ष रोजगार कार्यक्रमबाट योजनाहरुलाई दिगो गुणस्तरीय बनाउन आवश्यक पर्ने सामग्री खरिद गरी विकास निर्माण कार्यलाई प्रभावकारी बनाउन मिति २०७७/१०/११ मा मार्मा गाउँकार्यपालिकाले अध्यक्ष रोजगार कार्यक्रम कार्यबिधि स्वीकृत गरि कार्यान्वयनमा लिएको हो । यस कार्यबिधिमा अनुसार बजारबाट निर्माण कार्य सम्बन्धि सामग्री खरिदका लागि पालिकाले वजेटको व्यवस्था गर्ने र योजनामा खटिने श्रमिकको ज्याला प्रधानमन्त्री रोजगार कार्यक्रमबाट दिने गरि साझेदारीमा आयोजनाहरु संचालन गर्ने गरिएको थियो । अध्यक्ष रोजगार कार्यक्रमले रोजगारी सृजना एंम निर्माण योजनाहरुका लागि कोशेढुङ्गा सावित गरिदिएको छ ।

### १८.१ **अध्यक्ष रोजगार कार्यक्रमका सबल पक्ष**

- निर्माण गरिएका आयोजनाहरुको गुणस्तरीयतामा बृद्धि भएको छ ।
- प्रत्यक्ष रोजगारी सिर्जना भएको,
- दिगो विकासको लक्ष्य अनुसार आयोजनाहरु संचालन गर्न सहज भएको,
- आयोजनाहरु गुणस्तरीय र दिर्घायू बनाउन मद्दत पुगेको,

- लक्ष्य अनुसार योजनाहरुको प्रगतीमा बृद्धि
- कार्यक्रम प्रति आफनत्वोको भावना बिकास
- पालिकाको सकारात्मक भावनाले गर्दा बेरोजगार व्याक्तीहरुलाई रोजगारीको आँसा पलाएको छ ।

## **१९. <u>यस आ.ब. कार्यक्रमका उपलब्धिः</u>**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपन्तरण पहल आयोजना र अध्यक्ष रोजगार कार्यक्रम मार्फत यस पालिकामा सञ्चालन भएका सडक मर्मत आयोजनाहरुका उपलब्धीहरु यस प्रकार रहेका छन् ।

- बाटोमा भएको खाल्डा खुल्डीको अन्त्य भएको,
- बाटो पिसिसि र सोलिङ् गरिएकाले दिगो गुणस्तरियहुदा बर्षैनि निर्माण गर्नुपर्ने बाध्यताको अन्त्य भएको,
- बाटोमा साना बालबालिका र बृद्धाहरुलाई हिडडुल गर्न सहज भएको,
- बाटोमा आउने पानि, हिलोले गर्दा अप्ठ्यारो हुने समस्याको अन्त्य भई त्यसको सरसफाई भएको।
- बाटोको दुबै किनारमा भएको बोट बिरुवाहरुको संरक्षण गर्ने काम भएको,
- सिचाई कुलो निर्माणले गर्दा किसानहरुको खेतीपाती उत्पादनमा बृद्धि भएको,
- सिचाईका लागि उचित पानिको व्यवस्थाहुदा  कृषकको समयको बचत भएको,
- सिचाई निर्माणले कृषि उत्पादनमा बृद्धिहुदा आयात गर्नु पर्ने सामान्य तरकारी फलफुलमा हुने खर्च बचत भएको,
- विद्यालयमा घेरपर्खाल निर्माणले गर्दा विद्यालय भित्र जथाभावि रुपमा आउने जनावर पशुचौपायको अन्त्यभई विद्यालयमा बालमैत्री वातावरण बनेको
- विद्यालयको फिल्ड निर्माणले गर्दा बालबालिकाहरुलाई बिभिन्न खेलकुद तथा कार्यक्रम संचालन गरि अन्तरनिहित क्षमता प्रस्फुटन गर्न सहज भएको,
- विद्यालयको भिरालो भत्किने ठाउँमा मेसेनरीवाल निर्माणले गर्दा भौतिक संरचना क्षतिहुनबाट जोगिएको ,
- दिगो बिकासका लक्ष्य अनरुप कार्य गर्नाले वातावरण संरक्षण सम्बन्धी जनमानसको जनचेतनामा वृद्धि हुने ।
- कार्यस्थलमा आधारित सिप विकास तथा जीवनोपयोगी तालिमबाट सिप आर्जन गरी आफ्नो दंनिक जीवनमा प्रयोग
- मठ मन्दिरमा मर्मत तथा सम्भारले गर्दा धार्मिक सास्कृतिक सम्पदाको संरक्षण एवं सम्बर्धन

## २० . रोजगारीमा संलग्न दिन र संख्या

युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गतका आयोजनाहरुमा जम्मा ४० जना लाई ५० दिनको कार्यस्थालमा आधारित सिप बिकास तथा जिवनोपयोगी तालिम सहित ५० दिनको न्यूनतम रोजगारी प्दान गरीएको थियो भने प्रधानमन्त्री रोजगार कार्यक्रम नेपाल सरकार अन्तर्गतका आयोजनाहरुमा जम्मा ४१ जना बेरोजगार व्यक्तिहरुलाई न्यूनतम् १०० दिन रोजगारी प्रदान गरिएको थियो ।जसमा १५ जना पूरुष र ६६ जना महिला प्रत्यक्ष लाभान्वित भएका थिए ।

## २१. आयोजनाको अनुगमन तथा मूल्याङ्कन

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा अध्यक्ष रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु सञ्चालनको क्रममा प्राविधिक सहित जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, रोजगार साहायक, प्राबिधिक साहायक , योजान शाखा प्रमुख तथा वडा अध्यक्ष द्वारा अनुगमन गर्ने गरिएको थियो । अनुगमनको क्रममा हरेक आयोजनाको लागत अनुसार काम भए नभएको भन्ने हेर्ने, जाँच गर्ने गरिको, श्रमिकहरु आयोजना स्थलमा समयमा आउने नआउने बारे सोधपुछ गरिएको, आयोजनाको काम नियमित हुने गरेको हो वा होईन, आयोजना सञ्चालनमा कुनै कठिनाई रहे नरहेको आदि कुराहरुको वारेमा श्रमिक, लाभग्राही तथा सरोकारवालाहरुसंग सोधपुछका साथै आयोजनाको दिगो र गुणस्तरीयताको अनुगमन गर्ने गरिएको थियो। अनगुमनको क्रममा देखिएका सकारात्मक पक्षहरु तथा सुझावहरु निम्नानुसार रहेका छनः

### २१.१ कार्यक्रमका सकारात्मक पक्ष

- छोटो अवधिको रोजगार आयोजाना भए तापनि प्रभावकारी रुपमा कार्य हुने गरेको,
- रोजगारीमा खटिएको बेरोजगार व्यक्तिहरुले समय र श्रमको अधिकतम उपयोग गरी सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भारको काम गरी पूर्वाधारहरुलाई जीवन्त बनाएको,
- आयोजना स्थलमा श्रमिकको स्वास्थ्य सुरक्षा सामग्रीहरु तथा प्राथमिक उपचारका सामग्रीहरुको समेत व्यवस्था गरिएको,
- आयोजनाको लक्ष्यको तुलनामा सम्पादित कामको परिणाम दिगो र गुणस्तरीय राम्रो रहेको,
- वडा अन्तर्गतको मुख्य घोरेटो बाटो लगायत अन्य सडकहरुको साथै कुलो, नहर मेतको मर्मत तथा सुधारको काम भएको,
- आयोजना अवधिमा सीप बिकास तालिम एवं रोजगारी सृजना भएको,
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरुले बेरोजगार व्यक्तिहरुलाई रोजगारी दिने कार्यक्रम रहेको भन्ने बुझाईको विकास भएको,

- ❖ न्यूनतम रोजगारीमा खटिएका सवै श्रमिकहरुको बैंक खाता मार्फत ज्याला वापतको रकम भुक्तानी गर्ने गरिएको ।

## २१.२ अनुगमनको निष्कर्ष

यस मार्मा गाउँ पालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना एवं अध्यक्ष रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरु कार्य प्रगति सन्तोषजनक रहेको तथा आयोजनाको डिजाइन ईस्टिमेट अनुसार नै काम भई श्रमिकहरुको ज्याला भुक्तानीको लागि बैंक खाता खोल्न लगाई श्रमिकहरुको ज्याला वापतको रकम बैंकबाट भुक्तानी गर्ने गरिएकोले यो कार्यक्रम गरिबमुखी, पारदर्शी र प्रभावकारी रहेको छ ।

## २२. कर्मचारीहरुको विवरण

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम प्रत्येक स्थानीय तह मातहत रहने रोजगार सेवा केन्द्रहरूमा रोजगार संयोजकहरू (रा.प.तृ. श्रेणी, शाखा अधिकृत सरह) रहनेव्यवस्था अनुसार यस मार्मा गाउँपालिकामा आ.ब.२०७५/०७६ देखि यस आ.ब.को केहि महिना सम्म रोजगार संयोजक रहेकोमा हाल उहाले मिति २०८०/१२/२६ गते राजिनामा दिई उक्त पद रिक्त रहेको छ । युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना कार्यान्वयन पश्चात रोजगार सेवा केन्द्रको कार्यबोझमा वृद्धि भई कामकाजमा असहजता हुन थाले पछि सहायक स्तर पाँचौ तहको रोजगार सहायक र प्राविधिक सहायक (सब-ईन्जिनियर) को दरबन्दी थप भई सोही अनुसारको कर्मचारीहरूको पदपूर्ति गाउँपालिकामार्फत भई सेवा प्रवाह हुदै आएको छ। यस कार्यक्रमबाट संचालित योजनाहरु दिगो र गुणस्तरीय बनाउन अध्यक्ष रोजगार कार्यक्रमबाट थप आवश्यक सामग्री खरिद गरि साझेदारीमा कार्यक्रमलाई व्यवस्थित गर्न रोजगार सेवा केन्द्रमा थप एक जना साहायक चौथो तह स्तरको पालिकाले सिर्जना गरी कर्मचारीको पदपूर्ति पालिकाले गरेको छ । हाल रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको विवरण यस प्रकार रहेको छ ।

| क्र.स. | नाम थर | पद | नियुक्ति मिति | फोन न. | कैफियत |
|---|---|---|---|---|---|
| १ | -- | रोजगार संयोजक | -- | -- | रिक्त |
| २ | जनक सिह बिष्ट | रोजगार साहायक | २०७९/०५/१६ | ९८४८२३७७०१ | |
| ३ | बिरेन्द्र सिह ठगुन्ना | प्राबिधिक साहायक | २०७७/०५/१६ | ९८४०३७३२३० | |
| ४ | गणेश सिह ठगुन्ना | साहायक चौथो | २०७८/ | ९८४२१६८२५२ | |

## २३. आ.ब.२०८१/०८२ का मुख्य सामाजिक उपलव्धीहरु

नागरिकहरुको मौलिक हकको रुपमा रहेको रोजगारीको हकलाई कार्यान्वयन गर्न सञ्चालित कार्यक्रम प्रधानमन्त्री रोजगार कार्यक्रम हो । यस कार्यक्रम मार्फत न्यूनतम रोजगारीको प्रत्याभूतिको काम गरिन्छ । रोजगारीमा संलग्न हुन नपाएका बेरोजगार व्यक्तिहरुको जीवन निर्वाह गर्न उनीहरुलाई न्यूनतम

रोजगारीको मार्फत कम्तीमा पनि १०० दिनको रोजगारी स्थानीय स्तर मै उपलब्ध गराउने गरिन्छ । शुरु शुरुमा यो कार्यक्रम मार्फत बेरोजगार व्यक्तिहरुले बेरोजगार भत्ता पाउने भन्ने बुझाई रहेकोमा हाल सो धारणामा समेत परिवर्तन आएको छ । आ.व. २०८१/८२ मा न्यूनतम रोजगारीमा आबद्ध हुन कुल ११५४ जना बेरोजगार व्यक्तिहरु सूचीकृत भएकोमा तोकिए बमोजिम जम्मा ८१ जनाले औसतमा रोजगारी प्राप्त गरेका थिए।

- ✓ बेरोजगार व्यक्तिहरुको लगत संकलन गरिएको,
- ✓ न्यूनतम रोजगारको प्रत्याभूती गर्न कुल २५ वटा आयोजना सञ्चालन गरिएको,
- ✓ कुल ६१०० दिनको रोजगारी सृजना र २००० दिनको सिप बिकास तालिम भएको,
- ✓ श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम मार्फत श्रम तथा रोजगारीको हक, प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत रोजगारी सम्बन्धी अन्य विषयवस्तुहरुको जानकारी गराईएको,
- ✓ रोजगार सम्वाद मञ्चको सञ्चालन भएको,
- ✓ स्थानीय रोजगार रणनीतिक योजना अध्याबधिक गरिएको,
- ✓ सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार तथा निर्माण गरिएको,
- ✓ कार्यस्थलमा खटिएका श्रमिकहरुलाई सुरक्षा सामग्री बितरण गरी प्रयोग गर्न लगाईएको ।

## २४. कार्यक्रमका अवसरहरु

यस मार्मा गाउँपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमवाट रोजगारीका क्षेत्रमा विभिन्न अवसरहरुको सृजना भएको छ । आगामी दिनहरुमा यस कार्यक्रममा देखिएका समस्या, चुनौती र जटिलताहरुलाई समय मै समाधान गर्दै आन्तरिक रोजगारीका अवसरहरु सृजना एवं प्रवर्द्धन गरी अवसरहरुलाई साकार पार्न सकिन्छ । देखिएका अवसरहरुलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

- ➢ न्यूनतम रोजगारीको प्रत्याभूतिको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र अध्यक्ष रोजगार कार्यक्रमले सयुक्त श्रपमा कार्य सञ्चालन गर्नु,
- ➢ रोजगारदाता र बेरोजगार व्यक्तिहरुको सहजताको रोजगार सेवा केन्द्र मार्फत रोजगार विनिमय सेवा सञ्चालनको लागि आधार तयार हुदै जानु,
- ➢ बेरोजगार युवाहरुलाई स्थानीय स्तर मै रोजगारीमा पदस्थापनका लागि मागका आधारमा सीप विकास तालिम सञ्चालन हुने व्यवस्थाको खोजी हुनु,
- ➢ श्रम प्रति सम्मान अभिवृद्धि गर्न श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम सञ्चालन हुनु,
- ➢ रोजगारीको क्षेत्रमा देखिएका समस्याहरुको निदान एवं रोजगारी सृजनाका विधिहरु विकास गर्न रोजगार सम्वाद मञ्चको गठन हुनु,
- ➢ आन्तरिक रोजगारीका अवसरहरुको सृजना एवं प्रवर्द्धन गर्न, रोजगार सम्बद्ध सेवाहरुको नाक्सांकन गर्न, सीप तथा क्षमता विकास गर्न र रोजगार सम्बन्धी सेवाहरुलाई एकीकृत रुपमा प्रवाह गर्ने अभिप्रायले स्थानीय रोजगार रणनीतिक योजना तर्जुमा हुनु,
- ➢ पुनः श्रम स्वीकृति सम्बन्धी सेवा स्थानीय तहबाट शुरु हुनु,

- न्यूनतम् पारिश्रमिकको कानूनी व्यवस्था हुनु,
- वैदेशिक रोजगार कल्याणकारी सूचना प्रणाली २०८१ **-FEWIS** ( Foreign Employment Welfare Information System) मार्फत सहयोग मिल्नु,
- वैदेशिक रोजगार सम्बन्धी मनोपरामर्श सेवा प्रदान गरिनु
- रोजगारी सम्बन्धी सेवाहरुलाई एकद्वार प्रणालीमार्फत एकीकृत रुपमा रोजगार सेवा केन्द्रबाट प्रवाह हुनु ।
- स्थानीय तहको लागत साझेदारीको हुनु

## २५. कार्यक्रमका चुनौतीहरु

मार्मा गाउँपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरुलाई आगामी दिनमा थप व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक औजार, उपकरण, रोजगार सेवा केन्द्रलाई सक्षम, सबल र सुदृढ बनाउनु, विभिन्न सरोकारवालहरुसंग समन्वय र सहकार्यको कमी हुनु, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना सञ्चालनका लागि छुट्टै प्राविधिक नर्म्स (Norms) नहुनु आदि मुख्य चुनौतीको रुपमा रहेको छ ।

- बेरोजगार युवाहरुलाई श्रमप्रतिको धारणामा रुपान्तरण गर्न नसकिनु।
- संघिय सरकारले बजेट घटाउदै जानु, कर्मचारीको व्यवस्थाजन गर्ने बजेटमा अनिवार्य साझेदारि गर्ने जस्ता कार्य स्थानीय तहलाई दिदा स्थानीय तहलाई बोझ थपिनु ,
- विकासका पुर्वाधारमा पनि आवश्यक श्रोत साधनको अभाव हुनु
- बेरोजगार युवाहरुले उत्पादनशील रोजगारी अन्तर्गत कृर्षि तथा पशुपालनमा भविष्य नदेख्नु।
- सीपलाई रोजगारमा रुपान्तरण गर्नु।
- बढ्दो बेरोजगारीलाई न्यूनिकरण गर्नु ।
- श्रोत साधनमा एकीकृत उपयोग नहुनु ।
- मागमा आधारित रोजगारीको व्यवस्थापन गर्न नसकिनु ।
- न्युन बजेटमा अपेक्षा धेरै हुनु ।
- दक्ष जनशक्तीको उत्पादन गर्न नसक्नु र ठेक्का प्रक्रियामा गएका योजनाहरुमा भएको जनशक्तीलाई भन्दा बाहिरबाट श्रमिक ल्याउने गरेको ।

## २६. वित्तीय प्रगति


यस नगपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना सञ्चालन गर्न नेपाल सरकारको स्रोतबाट रु. ३५,००,०००.०० (पैतिस लाख रुपैयाँमात्र) र आई.डि.ए. को स्रोतबाट रु. ५६,०६,०००.०० (अक्षरेपी छपन्न लाख छ हजार रुपैयाँमात्र) गरी कुल बजेट रु. ९१,०६,०००.००

(अक्षरेपी एकानब्बे लाख छ हजार रुपैयाँमात्र) विनियोजन भएको थियो । उल्लेखित बजेट रकम मध्ये प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनामा काम गर्ने श्रमिकहरुको ज्यालामा रु. २७,३८,८००.०० (अक्षरेपी सत्ताईस लाख अठतिस हजार आठ सय रुपैयाँमात्र) खर्च भएको थियो। यो रोजगारी सिर्जना (नेपाल सरकार) को ९९.८१ प्रतिशत रहेको छ । त्यस्तै युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गतका सिप बिकास तालिम र आयोजनामा काम गर्ने श्रमिकहरुको ज्यालामा रु. २६७२०००.०० (अक्षरेपी छब्बिस लाख वहत्तर हजार रुपैयाँमात्र) खर्च भएको थियो। यो रोजगारी सिर्जना (आई.डि.ए.) को ९८.९६ प्रतिशत रहेको छ । कुल रोजगारी सिर्जनाको बजेट रकम रु. ५४,४४,०००.०० (अक्षरेपी चौपन्न लाख चौवालिस हजार रुपैयाँमात्र) मध्ये नियमानुसार रु. ५४,१०,८००.०० (अक्षरेपी चौपन्न लाख दश हजार आठ सय रुपैयाँमात्र) खर्च भएको थियो। यो कुल रोजगारी सिर्जनाको ९९.३९ प्रतिशत रहेको छ। यसैगरी अध्यक्ष रोजगार कार्यक्रमबाट प्राप्त रु १५,००,०००.०० (अक्षरेपी पन्ध्र लाख रुपैयाँमात्र) मध्ये रु १५,००,०००.०० (अक्षरेपी पन्ध्र लाख रुपैयाँमात्र) को निर्माण सामग्री खरिद गरी शतप्रतिशद खर्च गरिएको छ । रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको तलब भत्ता, कार्यालय सञ्चालन लगायत अन्य प्रशासनिक खर्चका र श्रमिकको सुरक्षा सामग्री खरिद , कार्यस्थलमा आधारित सिप बिकास तालिम, रोजगार रणनिती अध्याबधिक एवं बिविध

| क्र.स | शिर्षक | प्राप्त भएको | लक्ष्य | खर्च रकम | लक्ष्य प्रगती | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रोजगारी सृजना | ५४,४४००० | ८१ जना | ५४,१०,८०० | ९९.३९% | नियमानुसार बचत रु ३३,२०० फिर्ता |
| २ | कर्मचारी तलव / कार्यालय संचालन एंव व्यवस्थापन/ सिप बिकास तथा बिबिध खर्च | ३६,६२,००० | - | २३,८६,१२१ | ६५.१५% | रोजगार संयोजकको तलव तथा स्थानिय भत्ता र बिविध शिर्षकबाट बचत रकम रु १२,७५,८७९/- फिर्ता |
| ३ | अध्यक्ष रोजगारबाट समान खरिद | १५,००००० | | १५,००००० | १००% | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **कुल रकम** | **१,०६,०६,०००** | | **९२,९७,९२१** | **८७.६६%** | **कुल फिर्ता रु १३,०९,०७९/-** |

कार्यक्रमका लागि विनियोजित कुल बजेट रकम रु. ३६,६२,०००.०० (अक्षरेपी छत्तिस लाख बासठ्ठि हजार रुपैयाँमात्र) मध्ये रु २३,८६,१२१/- रकम अर्थात ६५.१५ प्रतिशत मात्र खर्च भएको थियो।




## २७. <u>सामाजिक र आर्थिक प्रभाव</u>

यस कार्यक्रममा काम गर्ने बेरोजगार व्यक्तिहरुको आयमा वृद्धि भई जीवनस्तरमा सुधार भएको छ। गाउँ ठाउँ मै प्राप्त रोजगारीले ऋण लिनु परेको छैन्, साहु महाजनकोमा जानु परेको छैन्। बिहान बेलुकाको भात खान सजिलो भएको छ । घरको काम धन्दा सकेर अन्यमा काम गर्न पनि सहज भएको छ । बालबच्चालाई पढाउन, घरको खर्च जुटाउन सजिलो भएको छ । श्रीमान एक्लैको कमाईले घर व्यवहार चलाउन मुस्किल हुने गरेको अवस्था थियो । रोजगारीको सिलसिलामा भारतको पिथौरागढ, मुम्बै, गुजरात ,बङ्लोर आदि ठाउँमा वा वैदेशिक रोजगारीमा जानु पर्ने बाध्यात्मक अवस्था थियो। अहिले रोजगारीका लागि बाहिर जाने अवस्थामा ब्रेक लागेको छ। गाउँघर मै रोजगारी प्राप्त हुने भए पछि पारिवारिक

सम्बन्ध पनि बलियो भएको छ । छोराछोरीको विद्यालय शिक्षालाई पनि निरन्तरता दिईएको छ। आफ्नो गाउँठाउँको विकासमा हातेमालो गर्न पाएका छौं। समान काम गरे वापत समान ज्याला पाईन्छ, पुरुष र महिला बीचको ज्यालामा विभेद छैन। अर्को राम्रो कुरा त यो छ कि काम गरे वापतको ज्याला रकम बैंक खाता मार्फत भुक्तानी गरिन्छ। काम गरे वापत कमाएको पैसा सिधै हाम्रो खाता जाने भए पछि ठगीमा पर्ने, पैसा चोर्ने, खोस्ने, हराउने अथवा अरु अन्य कैयौ समस्याबाट छुटकारा भएको छ। पैसाको बचत गर्ने सिकेको छ । अतः यस कार्यक्रमले गाउँठाउँ मै रोजगारी, समान काम गरे वापत समान ज्याल, रोजगारीमा महिला र परुष बीचको विभेदको अन्त्य, गाउँठाउँको विकासमा सहभागी हुने अवसर, काम प्रति सम्मान गर्ने बानीको विकास, बैंकिङ्ग पहुँच जस्ता कैयौ सकारात्मक कुराहरुको माध्यमबाट सशक्तिकरण गर्ने गरेको छ । यस कार्यक्रमले विपन्न, दलित र महिलाहरुको जीवनयापन सहज भई उनीहरुको परिवारमा खुशीयालीको माहौल सिर्जना भएको छ ।

## २८. <u>सल्लाह र सुझावहरु</u>

रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत अन्य कार्यक्रमहरुलाई आगामी दिनमा थप प्रभावकारी रुपमा सञ्चालन गर्न निम्न सुझावहरु यस प्रकार रहेको छ ।

- निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी विभिन्न क्षेत्रहरूमा थप रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्ने,
- नेपालको रोजगारीको भविष्य (Future of Work), Employment Trend Analysis, Employment Forecast सम्बन्धी अध्ययन अनुसन्धान गर्नुपर्ने र अध्ययनले तोकेको रोजगारीको क्षेत्र (Job Sector) अनुसार नै जनशक्ति उत्पादन गर्न केन्द्रित हुनु पर्ने,
- नेपालको श्रम बजारलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा चलायमान बनाउन सूचना प्रविधिमा आधारित प्रस्तावित NEMIS को निर्माण र सञ्चालन गर्नुपर्ने,
- रोजगार सेवा केन्द्रको सञ्चालन, नियन्त्रण र रेखदेख गर्ने नेतृत्व संघीय सरकारले गर्नुपर्ने,
- रोजगारी सिर्जना एवम् प्रवर्द्धन तथा सीप एवम् क्षमता विकासमा तीनै तहको सरकारको अहम् भूमिका रहने भएकोले रोजगार सेवा केन्द्रको सञ्चालन एवम् व्यवस्थापनमा लागत साझेदारीको नीतिगत प्रावधान गर्नुपर्ने,
- एकद्वार प्रणालीबाट एकीकृत रुपमा रोजगारमूलक सेवाको सञ्चालन एवम् व्यवस्थापन गर्न रोजगार सेवा केन्द्रको क्षमता विकास गर्दै जानु पर्ने,
- विभिन्न निकायहरूबाट सञ्चालन हुने व्यावसायिक तथा सीपमूलक तालिमहरूमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरूलाई पहिलो प्राथमिकता दिने वा केही प्रतिशत सूचीकृत बेरोजगारहरूको लागि छुट्ट्याउने गरी नीतिगत व्यवस्थाका लागि सम्बन्धित निकायसंग समन्वय गर्नुपर्ने,

- ❖ प्राविधिक एवम् व्यवसायिक सीप विकास तालिमका लागि रोजगार सेवा केन्द्रलाई तालिम केन्द्रहरुसंग आबद्ध गर्न जरुरी रहेको,
- ❖ साना तथा मझौला उद्योगहरुलाई लक्षित गरी जनशक्ति तयार गर्नु पर्ने,
- ❖ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई समूहमा पठाउने व्यवस्था गर्नुपर्ने,
- ❖ बेरोजगार व्यक्तिहरुलाई उपलब्ध रोजगारीका अवसर प्रदान रोजगारदाताहरुको सूचीकरण वा संलग्न गर्न निजी क्षेत्र वा रोजगारदाताहरुलाई प्रोत्साहन गर्न आवश्यक नीति तथा कार्यक्रम (जस्तैः कर/भन्सारमा छुट, निःशुल्क दर्ता, विद्युत शुल्कमा छुट, निःशुल्क तालिम आदि) अंगिकार गर्नुपर्ने,
- ❖ युवारुप परियोजना अन्तर्गत सञ्चालन हुने सीप विकास तालिममा औधोगिक क्षेत्र लक्षित तालिमहरु पनि सञ्चालन गर्नुपर्ने,
- ❖ श्रमिकमा हुने क्षमता तथा सीप अभावका कारणले श्रम बजारमा दक्ष श्रमिकको माग र आपूर्ति बिचको अन्तरलाई कम गर्न रोजगारी सृजना हुन सक्ने क्षेत्रको पहिचान गरी सो क्षेत्रमा चाहिने आवश्यक दक्ष जनशक्ति तयार गरी श्रम बजारमा आपूर्ति गर्नुपर्ने,
- ❖ सङ्घ, प्रदेश र स्थानीय सरकारहरूबाट रु. एक करोडसम्म लागत अनुमान भएका आयोजनाहरू सञ्चालन गर्दा प्राविधिक दृष्टिकोणबाट मेसिनको प्रयोग नगरी सम्भव नहुने भनी तोकिएको प्राविधिक टोलीले सिफारिस गरेको खण्डमा बाहेक सबै आयोजनाहरूमा श्रमिकको उपलब्धता भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्नु पर्ने कानुनी व्यवस्था रहेकोले सो प्रावधानलाई कडाईका साथ कार्यान्वय गर्न मन्त्रालयले परिपत्र गर्नुपर्ने,
- ❖ तीनै तहका सरकार वा निजी क्षेत्रले आयोजना सञ्चालन गर्दा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई नै काममा लगाउन सरोकारवालाहरु निकायहरुसंग समन्वय र अन्तरक्रिया गर्नुपर्ने,
- ❖ आन्तरिक रोजगारी सृजना गर्न रोजगार सेवा केन्द्रमा रोजगारदाता सूचीकरणका लागि प्रोत्साहन गर्ने नीति अंगिकार गर्नुपर्ने,
- ❖ तीनै तहका सरकार अन्तर्गतका निकायहरुबाट स्वयंसेवक परिचालन गर्नुपर्ने खण्डमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई नै परिचालन गर्ने नीतिगत व्यवस्थाका लागि समन्वय गर्नुपर्ने,
- ❖ स्थानीय रोजगार रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि श्रोत व्यवस्थापनमा आवश्यक समन्वय गर्नुपर्ने ।

## २९. निष्कर्ष

नेपालको श्रम बजारमा प्रत्येक वर्ष ५ लाख श्रमशक्ति थपिने गर्छ। श्रम बजारमा आउने युवा शक्तिको अनुपातमा स्वदेशमा रोजगारीका अवसरहरू पर्याप्त हुन नसकेको अवस्था छ । मुलुकको समृद्धिका लागि जोस, जाँगर र उत्साहले भरिएका युवाको ज्ञान, सीप र श्रम शक्तिलाई उपयोग गर्नु जरुरी छ। नेपालको

श्रम बजारमा रोजगारीका अवसरहरुको सृजना तथा प्रवर्धन गर्नु अपरिहार्य रहेको छ । श्रम बजारमा उपलब्ध अवसरहरु अनुरुपको सीपयुक्त जनशक्तिको विकास गर्नु पनि त्यत्तिकै जरुरी छ । संघीयताको मर्म अनुसार रोजगारी व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तीनै तहको सरकारको साझेदारी र सहकार्यको पनि उतिकै आवश्यक छ ।

नेपालको संविधानको धारा ३३ मा भएको रोजगारी सम्बन्धी हकलाई कार्यान्वयन गर्नका लागि रोजगारीको अवसर सम्बन्धी सूचना उपलब्ध गराउने, रोजगारमूलक तथा सीपमूलक तालीम प्रदान गर्ने, बैङ्क तथा वित्तीय संस्था मार्फत सहुलियतपूर्ण ऋण उपलब्ध गराउने, स्वरोजगार सृजना गर्ने जस्ता बेरोजगार सहायता कार्यक्रम सञ्चालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत देशमा आन्तरिक रोजगारी सृजना गर्ने तिर ध्यान केन्द्रित गरी यस कार्यक्रमलाई अगाडी बढाउनु उपयुक्त देखिन्छ । मार्मा गाउँपालिकामा संचालन भएको प्रधानमन्त्री रोजगार कार्यक्रम र अध्यक्ष रोजगार कार्यक्रम जनता माझ लोकप्रिय बन्दै गएको छ। जसको पुष्टि कार्यक्रम फेरि कहिले देखि सुरु हुन्छ भन्दै बेरोजगार व्यक्तिहरुले वारम्वार रोजगार सेवा केन्द्रमा फोन तथा संपर्क गर्नुले पनि प्रष्ट देखिन्छ । विहान देखि वेलुकी सम्म काम गर्दा ५०० रुपैया कमाउन पनि मुस्किल पर्ने अन्य क्षेत्रबाट संचालित योजनाहरुमा र ठेकेदारहरुले दिनभरी काम गर्दा ३००/४०० रुपयाँ पनी ज्याला नदिने अवस्थामा  यहाँको महिला समुदायविच यो कार्यक्रम प्रभावकारी देखिएको छ । यसलाई गाउँपालिकाका अन्य भौतिक पूर्वाधारका योजनाहरुसंग जोडेर लैजान सके र रोजगारदाताहरुलाई गाउँपालिकामा सूचीकृत गर्न सके यो कार्यक्रम देशकै एउटा सफल कार्यक्रम हुने देखिन्छ ।

धन्यवाद



































कार्यालय
स्थानीय तहको रोजगार रणनिती तर्जुमा/अध्यावधिक/कार्यान्वयन तथा आन्तरिक रोजगारी
प्रवर्द्धन अभियान कार्यक्रम-२०८१
सहयोग
प्रधानमन्त्री रोजगार कार्यक्रम
आई.डि.ए.
आयोजक
रोजगार सेवा केन्द्र
मार्मा गाउँपालिका
लटिनाथ, दार्चुला








विद्यालय १-८ दह


2025/2/7 11:30